का.जि.प्र.का.द.नं. १००/०५९/६०
५ चैत २०७८,
शनिबार
19 March 2022,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ४२ । पृष्ठ ८
Madhyanha National Daily
www.madhyanhadaily.com

## सत्ता गठबन्धनभित्र किचलो
# २० देशमा राजदूत रिक्त

■ बिभिन्न २० देशमा खाली राजदुतमा माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपाले ४/४ वटा देशमा दाबी प्रस्तुत गरेका छन् । तर, यसमा कांग्रेस तयार भइसकेको छैन् ।



मुकुन्द लामिछाने/मध्यान्ह
काठमाडौं, ४ चैत ।

बिभिन्न २० वटा देशमा नेपाली राजदुत पद खाली छ । नेपालको ३० वटा देशमा राजदुतावास छ । ३० वटा मध्ये २० वटा देशमा राजदुत नियुक्त नहुँदा खाली भएको हो ।

यसको कारण हो- चार दलीय सत्तगठबन्धनभित्रको किचलो । कुन दलले कति वटा देशको राजदुतमा भाग लिने भनी भागवण्डा नमिल्दा बिभिन्न देशमा राजदुत नियुक्तिमा ढिलाई भएको हो ।

राजदुत नियुक्तिमा मुख्यत सत्तागठबन्धनभित्र दुई वटा कुरा मिलेको छैन् । पहिलो- कुन दलले कति भाग लिने ? दोस्रो- भागवण्डामा कर्मचारीतर्फबाट राजदुत नियुक्ति गर्दा कसरी मिलाउने ?

सत्तागठबन्धनमा नेपाली कँग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा) छन् । यी दलहरुका बीचमा राजदुत नियुक्तिमा भागवण्डा मिलेको छैन् ।

२० मध्ये चार वटा दलले ५/५ वटा भागवण्डा गर्ने माग सुरुमा कांग्रेस बाहेकका दलहरुले राखेका थिए । कांग्रेसले राजदुत नियुक्ति राजनीतिक मात्रै नभएर कर्मचारीतर्फ पनि हुने भन्दै त्यसका भागवण्डा मा कांग्रेसले राजनीतिक र कर्मचारीतर्फबाट नियुक्त गर्ने कांग्रेस बाहेकका दलहरुको प्रस्ताव छ । यो प्रस्तावमा पनि कांग्रेस राजी नहुँदा राजदुत नियुक्त हुन नसकेको हो ।



'मुख्यत भागवण्डा नमिलेर राजदुतको पदहरु खाली हो । तर, भागवण्डा मिलेन भनेर रोकिराख्ने कुरा पनि त भएन । यसमा गठबन्धन सिरियस बन्नैपर्छ'

**झलनाथ खनाल**
सम्मानित नेता, नेकपा एकीकृत समाजवादी

गर्न नसकिने बताएपछि माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपाले ४/४ वटा दावी गरेका छन् । ३ वटा दलले ४/४ वटा लिंदा १२ हुने र बाँकी ८

चीन, जापान जस्ता ठूला देशमा समेत राजदुत नियुक्त हुन नसक्दा नेपालको अर्न्तराष्ट्रिय सम्बन्धमा असर पर्न सक्ने भनै कुटनीतिक मामलाका जानकारहरु चिन्तित हुन थालेका छन् ।

नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालका अनुसार सत्तागठबन्धनको शीर्ष नेताहरुको बीचमा राजदुत नियुक्तिको विषय गम्भीर रुपमा छलफल भएको छैन् । एक दुई पटक छलफल पनि शीर्ष तहमा गम्भीर छलफल नै नहुनु लज्जाको विषय भएको उनी बताउँछन् ।

'राजदुत नियुक्तिका विषयमा छलफल भएको छैन् भन्दा छ, छ भन्दा गम्भीर रुपमा छलफल भएको छैन्' उनी भन्छन्, 'राजदुत नियुक्ति गम्भीर विषय हो, यसलाई यही रुपमा समयमै छलफल गर्न आवश्यक छ ।' उनले शीर्ष तहमा यो विषयलाई आफैँले गम्भीरता पुवर्क उठाउने सोच बनाएको पनि सुनाए ।

नेता खनाल पनि दलहरुका बीचमा राजदुत कति कुन दलले लिने भन्ने विषयमा कुरा नमिल्दा समस्या भएको बताउँछन् । 'मुख्यत भागवण्डा नमिलेर हो ।

– बाँकी पृष्ठ २ मा

## संघीय संसद
# बिभिन्न पद खाली




दिपेन्द्र श्रेष्ठ /मध्यान्ह
काठमाडौं, ४ चैत ।

मुलुकका बिभिन्न संवैधनिक निकायमा पदाधिकारी नियुक्त हुन सकेका छैनन् ।

२५ महिनादेखि प्रतिनिधिसभाको उपसभामुख पद रिक्त छ । राष्ट्रियसभा पनि फागुन २०७८ साल फागुन २० गतेदेखि देखि उपाध्यक्ष पद खाली छ ।

प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभा अध्यक्ष, सरकार, प्रमुख प्रतिपक्षी दल लगायतको ध्यान जान नसक्दा संवैधानिक निकायमा पदाधिकारी सिफारिस हुन सकेको छैन् ।

संवैधानिक निकायलाई लामो समयदेखि रिक्त राख्नु देशका लगि अहित हने नेताहरु बताउँछन् ।

'लामो समयदेखि प्रतिनिधिसभामा उपसभामुख र अघिल्लो महिनादेखि राष्ट्रियसभा उपाध्यक्ष पद रिक्त छ । पदपूर्तिमा दलहरूको तदारुकता देखिएको छैन' सांद अमृतादेवी अग्रहरी भन्छिन्, 'महिलालाई आवश्यक नठानेको जस्तो देखियो यो दलहरूको सँगै देशको लागि पनि दुर्दशाको रुपमा लिएको छु ।'

तत्कालीन उपसभामुख शिवमाया तुम्बाहाम्फेले माघ २०७६ मा राजीनामा दिएपछि प्रतिनिधिसभामा उपसभामुख पद खाली छ । पदपूर्तिका लागि दलहरूले तदारूकतासमेत देखाएका छैनन् ।

यसैगरी, राष्ट्रियसभा उपाध्यक्ष शशीकला दाहालको पनि राष्ट्रिय सभामा चार वर्षे पदावदी सकिएपछि पद खाली छ ।

प्रतिनिधिसभा र राष्ट्रियसभाका प्रमुख र उपप्रमुखमध्ये एक महिला हुनुपर्ने संवैधानिक व्यवस्था छ ।

अहिले दुवैमा पुरुष प्रमुख भएकाले उपसभामुख र उपाध्यक्ष पदमा स्वत: महिला राख्नुपर्ने हुन्छ ।

यस्तै, प्रमुख र उपप्रमुख फरक दलको पनि हुनुपर्नेछ ।

प्रतिनिधिसभा र राष्ट्रियसभाअर्न्तगतका विषयगत समितिका सभापतिहरुको पनि पनि खाली छ ।

### कांग्रेसको आनाकानी

प्रमुख प्रतिपक्षी नेकपा एमालेलाई दिनुपर्ने संघीय संसदको सार्वजनिक लेखा समितिको सभापति सत्ता प्रमुख दल काँग्रेसले नै राखेको छ । यसको फेरबदलमा

– बाँकी पृष्ठ २ मा

## विवेकशील साझा विवाद
# पाण्डे समूह थप आक्रोशित

विवेकशील साझा पार्टीका अध्यक्ष रविन्द्र मिश्र पक्षले संयोजक मिलन पाण्डेसहित २६ जना केन्द्रीय सदस्यलाई कारबाही गरेपछि पार्टीभित्रको आन्तरिक द्वन्द्व थप चर्किएको छ र पाण्डे पक्ष थप आक्रोशित भएको देखिन्छ ।




शिवराज परियार/मध्यान्ह
काठमाडौं, ४ चैत ।

विवेकशील साझा पार्टी आन्तरिक विवादमा छ । रविन्द्र मिश्र समूहले केन्द्रीय सदस्यहरूमाथि कारबाही गरेपछि संयोजक मिलन पाण्डे पक्ष थप आक्रोशित भएको छ ।

पार्टी अध्यक्ष मिश्र पक्षले गरेको कारबाहीलाई पाण्डे पक्षले कायरताको पराकाष्ठाको संज्ञा दिएको छ ।

पार्टी प्रवक्ता हरीशप्रसाद भट्टले विज्ञप्ति निकालेर वरिष्ठ नेतासहित २६ केन्द्रीय सदस्यलाई गरेको कारबाहीले आफूहरुको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरेका छन् ।

अध्यक्ष मिश्र पक्ष मात्रै सहभागी कार्यसम्पादन समितिको बैठकले संयोजक पाण्डेसहितका २६ नेतालाई कारबाही गर्ने निर्णय गरेपछि विवेकशील साझा विवाद थप उत्कर्षमा छ ।

महाधिवेशन टार्ने षडयन्त्र

२६ जना नेताहरुमाथिको कारबाही पार्टीको महाधिवेशन टार्ने षड्यंत्र भएको स्वमं विवेकशील साझाका नेताहरु बताउँन् । पाण्डे पक्षको पनि यही आशंका छ ।

पाण्डे पक्षले सर्वोच्च अदालतमा विचाराधिन मुद्दासँग डराएर रविन्द्र मिश्रले यस्तो निर्णय लिएको आरोप पनि लगाएको छ ।

'रवीन्द्रजी र हाम्रो भेट सर्वोच्च अदालतको कठघरामा चाँडै हुने नै छ । सम्मानित सर्वोच्च अदालतले मिश्रजीको पार्टीमा विधान कुल्चेर, सम्झौता च्यातेर मुलुकको संविधान र व्यवस्थामाथि धावा बोल्दै धार्मिक द्वन्द्व फैलाउने कदमहरूलाई खारेज गरेर कानुनी कारबाही गर्ने हाम्रो विश्वास छ ।' विज्ञप्तिमा भनिएको छ ।

'हामी, पार्टीको विधान र मुलुकको संविधान पक्षधर नेतृत्वहरु मिश्रजीलाई उहाँको जस्तो अवैधानिक, अलोकतान्त्रिक र अराजनीतिक कारबाहीको नाटक गर्ने पक्षमा नरहेको पनि स्पष्ट पार्न चाहन्छौं । हामीलाई विधिमा विश्वास छ। हामी पार्टी आधिकारिकताको विवाद सम्मानित अदालतबाट टुगिंनेमा विश्वस्त छौं' विज्ञप्तिमा उल्लेख छ ।

## राहदानी विभाग अस्तव्यस्त
# समयमै ई-पासपोर्ट नपाउँदा हातमा आएको रोजगारी गुम्ने खतरा

मध्यान्ह संवाददाता
काठमाडौं, ४ चैत

सेवाग्राहीको चापअनुसार जनशक्तिको व्यवस्थापन नहुँदा काठमाडौंको त्रिपुरेश्वरस्थित राहदानी विभाग केही समययता अस्तव्यस्त बनेको छ । विभागले सेवाग्राहीको मागअनुसार विद्युतीय राहदानी उपलब्ध गराउन नसक्दा धेरैले लामो समयपछि पाएको वैदेशिक रोजगारीको अवसर समेत गुमाउँदै आएका छन् ।

राहदानी विभाग त्रिपुरेश्वरमा सेवा सहज नभएपछि छिटो विद्युतीय राहदानी बनाइदिने भन्दै ठगी गर्नेहरू बढेका छन् । ठगी र सरकारी छाप किर्ते गरेको आरोपमा प्रहरीले बुधबार मात्र १२ जनालाई पक्राउ गर्‍यो । त्यसअघि पनि उक्त विभागमा छिटो काम गरिदिने भन्दै अनुचित तरिकाले रकम लिइरहेको सूचना पाएको भन्दै प्रहरीले अन्य धेरै बिचौलिया पक्राउ गरेको थियो । पक्राउ परेकाहरूले नक्कली सरकारी छाप बनाएर प्रहरी चारित्रिक प्रमाणपत्र, कोरोनाविरुद्धको खोप लगाएको कार्ड र विद्युतीय राहदानी फारम किर्ते गरेको प्रहरी दाबी छ ।

विभागले एमआरपी विस्थापित गरेर ई-पासपोर्ट वितरण शुरु गरेपछि विभागमा दैनिक हजारौं व्यक्ति राहदानीका निम्ति पुग्ने गरेका छन् । ई-पासपोर्ट सजिलोसँग पाउने सुनेका तनहुँका पुनराम मगरले




विभाग आउँदा अवस्था उल्टो देखिएको बताए । उनले भने, 'थोरै खर्च बोकेर आएका हामीजस्ता सेवाग्राहीले विहानैदेखि लाइन लागेर सास्ती खेप्दा पनि राहदानी बनाउन सकेनौं, सरकारले ई- पासपोर्टका नाममा सास्ती दियो ।'

विभाग परिसरको क्षमता दैनिक एक हजारको छ तर विभागमा दैनिक पाँच हजारको उपस्थिति रहने गरेको छ । दैनिक दुई हजारलाई विभागले राहदानीका लागि कुपन बाँड्ने गरेको छ । कुपन लिन दुई हजार, राहदानी लिन दुई हजार र फारम बिग्रेका करिब एक हजार व्यक्ति उपस्थित हुने भएपछि शौचालयको समेत समस्या भएको बताइन्छ । चितवनबाट आएका मझरू थारूले भने, 'करोडौं लगाएर नयाँ भवन बनेको रहेछ, तर पानीको बोतलमा पिसाब गर्नपर्ने अवस्था देखें ।'

विभागका प्रवक्ता शरदराज आरण जनशक्ति अभावका कारण भिड धान्न कठिन भएको र छिटो सेवा दिन नसकेको बताउँछन् । विभागमा अधिकृत र नायव सुब्बा गरी ४५ जनाको दरबन्दी भएपनि २६ जनामात्र खटाइएको उनले बताए । उनले भने, 'अतिरिक्त समय काम गरेबापत कुनै इन्सेन्टिभ पनि छैन तर साथीहरूले काम गरिरहनु भएको छ ।' उनले सेवाग्राहीलाई जिल्लाबाटै राहदानी लिन आग्रह गरेका छन् ।

तर सकेसम्म छिटो वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यतामा रहेका पुनरामले आफुजस्ता सकेसम्म छिटोभन्दा छिटो राहदानी चाहिने सेवाग्राहीलाई जिल्लाबाट आवेदन गरेर राहदानी बनाउन अव्यवहारिक रहेको बताए । उनले भने, 'राहदानी नहुँदा हातमा आएको वैदेशिक रोजगारी फुस्किने त्रास छ ।'

सरकारले गत पुस एक गतेदेखि यसअघिको मेशीन रिडेबल पासपोर्ट एमआरपी विस्थापित गरेर विद्युतीय राहदानी ई-पासपोर्ट कार्यान्वयनमा ल्याएको हो । विभागले शुरुका १० दिन परीक्षणको रूपमा हेरेर त्यसपछि प्राविधिक पक्षहरूमा सुधार गरेर नयाँ बनाउने वा पुरानो राहदानीको समयावधि सकिएका सबैलाई द्रुतगतिमा ई-पासपोर्ट सहजरूपमा दिने बताएको थियो ।

सरकारले ई-पासपोर्ट प्राप्त गर्नका लागि राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरेको छ । अधिकांशलाई राष्ट्रिय परिचयपत्र

– बाँकी पृष्ठ २ मा

# मन्त्री श्रेष्ठद्वारा सुकुम्बासीलाई लालपुर्जा वितरण

**भक्तपुर/मस–** सरकारले मध्यपुरथिमि नगरपालिका-६ र ८ वडाका सुकुम्बासीलाई जग्गाधनी प्रमाणपत्र वितरण गरेको छ । नापी कार्यालय भक्तपुरले शुक्रबार थिमिमा आयोजना गरेको कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री शशि श्रेष्ठले २३ जनालाई लालपूर्जा वितरण गरेकी हुन् ।

सरकारले उनीहरुलाई पुनःकित्ता नाप गरी लालपुर्जा वितरण गरेको हो । आफ्नो जग्गा भएर पनि लालपूर्जा नपाएर वर्षौंदेखि भूमिहीन बनेका नागरिकलाई प्राथमिकता राखेर देशभरि अभियान चलाएको मन्त्री श्रेष्ठले बताइन् । भूमिहीनलाई जग्गा दिने महोत्तरीबाट शुरु गरेको चार महिनाको अभियानमा झण्डै १५ हजारभन्दा बढीलाई लालपुर्जा वितरण गरिएको उनले जानकारी दिइन् । आगामी एक वर्षभित्र देशभरका सबै भूमिहीनलाई लालपूर्जा वितरण गरिसक्ने योजनाका साथ सरकार अगाडि बढेको मन्त्री श्रेष्ठले उल्लेख गरिन् ।



मन्त्री श्रेष्ठले सरकारले सहिद, बेपत्ता परिवार, हलिया, कमैया, कम्लरी, हरुवाचरुवालगायत सिमान्तकृत समुदायका परिवारका लागि यसै सातादेखि नापी तालिमको व्यवस्था गर्दै रोजगारीको व्यवस्था गर्न लागेको बताइन् । सुकुम्बासीलाई जमिन उपलब्ध गराउने र अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्न भूमि ऐन लागू गर्ने अन्तिम चरणमा पुगेको उनले उल्लेख गरिन् ।

बागमती प्रदेशसभा सदस्य प्रतिमा श्रेष्ठले जनताका पक्षमा अहिलेको सरकारले काम गरिरहेको चर्चा गर्दै यहाँका भूमिहीनले वर्षौंपछि स्वामित्व पाएको बताइन् । मन्त्रालयका सचिव रामप्रसाद थपलियाले सरकारले लिएको अभियानलाई कर्मचारीले सफल पार्नुपर्ने भन्दै लालपूर्जा वितरण कार्यलाई प्रभावकारी बनाइने बताए ।

नापी विभागका उपमहानिर्देशक सुशील डङ्गोलले भक्तपुरमा ४५६ जनालाई लालपूर्जा वितरण गरिने जानकारी दिए । भक्तपुरका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा, मध्यपुरथिमि नगरपालिकाका उपप्रमुख अञ्जनादेवी मधिकर्मी, नापी कार्यालय भक्तपुरका प्रमुख मग्नु दत्त, मध्यपुरथिमि नपा-६ का वडाध्यक्ष इन्द्रबहादुर प्रजापतिलगायतले धेरै समस्या र अवरोधकाबीच वर्षौंदेखिको प्रयास सफल भएको उल्लेख गरे ।

# नागरिकको स्वास्थ्यप्रति सरकार संवेदनशील छ : स्वास्थ्यमन्त्री

**मध्यान्ह संवाददाता**
काभ्रेपलाञ्चोक, ४ चैत

स्वास्थ्य तथा जनसंख्यामन्त्री विरोध खतिवडाले सरकार नागरिकको स्वास्थ्यप्रति संवेदनशील रहेको बताएका छन् ।

काभ्रेपलाञ्चोकको मण्डनदेउपुर नगरपालिका-७ स्थित मण्डनदेउपुर आधारभूत अस्पताल भवनको उद्घाटन गर्दै उनले जनताको स्वास्थ्योपचारका लागि सरकार निरन्तर लागिपर्ने विश्वास दिलाए ।

कोरोना संक्रमणबाट बच्नका लागि नागरिकलाई खोप लगाउने अभियान सञ्चालन गरिरहेको बताउँदै उनले खोप लगाउन बाँकी नागरिकलाई पनि समयमा नै खोप लगाउन आग्रह गरे ।

अहिलेसम्ममा बालबालिका, सैनिक, प्रहरी र कर्मचारीको लागि अस्पताल निर्माण गरिसकेको उल्लेख गर्दै मन्त्री खतिवडाले अब सरकारले ५० वर्ष भन्दामाथिका



नागरिकका लागि पनि अस्पताल खोल्ने स्वास्थ्य मन्त्रालयले निर्णय गरिसकेको जानकारी दिए । यसअघि शिक्षकको लागि अस्पताल निर्माण गर्ने निर्णय भइसकेको उनले बताए ।

मन्त्री खतिवडाले पछिल्लो समयमा सरकारले १२ वर्षदेखि माथिका नागरिकलाई खोप लगाउने व्यवस्था गरेर खोप अभियान सञ्चालन गर्दै अधिकांश नागरिकलाई खोप लगाइ सकेको बताए । त्यस्तै पाँच वर्षदेखि ११ वर्षसम्मका बालबालिकालाई कोरोना विरुद्धको खोप लगाउन खरिद प्रक्रिया अगाडि बढिसकेको बताउँदै उनले विश्व स्वास्थ्य संगठनले अनुमति दिने वित्तिकै लगाउने गरी तयारी अवस्थामा सरकार रहेको उनले बताए ।

## मतगणनास्थलमा सिसी क्यामेरा अनिवार्य

**झापा/मस–** जिल्ला प्रशासन कार्यालय झापाका प्रमुख जिल्ला अधिकारी छविराज रिजालले सरकारी कार्यालयका गाडीहरूलाई मर्मतसम्भार गरेर तयारी अवस्थामा राख्न निर्देशन दिएका छन् ।

स्थानीय तहको आगामी वैशाख ३० गते हुने निर्वाचन प्रयोजनका लागि आवश्यक पर्ने भएका कारण सरकारी सवारीसाधन तयारी हालतमा राखिनुपर्ने उनले बताए । जिल्लाका १५ वटै पालिकाका प्रमुख प्रशासकीय अधिकृत सहभागी रहेको बिहीबार जिल्ला प्रशासन कार्यालयमा आयोजित सरकारी कार्यालयका प्रमुखको बैठकमा प्रजिअ रिजालले त्यस्तो निर्देशन दिएका हुन् ।

'निर्वाचनमा सवारीसाधनको प्रयोग गर्नुपर्ने हुन्छ,' उनले भने, 'चाहिएका बेला गाडी बिग्रिएको छ भनेर असहयोग गर्ने छुट कसैलाई छैन । सबै गाडीहरु मर्मतसम्भार गरेर तयारी अवस्थामा राख्नुहोस् ।'

उनले सबै सरकारी कार्यालयमा रहेका सवारीसाधनको लगत र कर्मचारीको विवरण दुरुस्त अवस्थामा राख्न जिल्लास्थित निर्वाचन कार्यालयलाई निर्देशन दिए । चुनावको तयारीका क्रममा कर्मचारी र सुरक्षाकर्मीहरूलाई मतदानस्थलसम्म पुऱ्याउन धेरै सवारीसाधन आवश्यक पर्ने उनले बताए । हाल जिल्लास्थित विषयगत सरकारी कार्यालय र १५ वटा स्थानीय पालिकासँग सयौँको सङ्ख्यामा सवारीसाधन रहेका छन् । अस्वथ, पाका उमेर र चुनावअघि अवकाश पाउने कर्मचारीलाई चुनावमा नखटाउनसमेत उहाँले कार्यालय प्रमुखहरूलाई आग्रह गरे ।

प्रमुख जिल्ला अधिकारी रिजालले हरेक पालिकाको मतगणनास्थलमा सिसी क्यामेराको व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतहरुलाई निर्देशन दिएका छन् । उनले हरेक पालिकामा आवश्यकता हेरी दुई वा तीनवटा स्थलमा मतगणना गरिने र ती स्थानको छनोट गर्न पालिकाहरूलाई आग्रह गरेका छन् । 'सबै मतगणनास्थलमा अनिवार्यरूपमा सिसी क्यामेरा राख्ने व्यवस्था गर्नुहोला,' उनले भने, 'त्यसो भयो भने निर्वाचनको मतगणना पारदर्शी हुन्छ, हुलहुज्जत हुने सम्भावना रहँदैन ।' जिल्लामा मतदाताको सङख्या छ लाख ५० हजार २५८ छ भने २८६ मतदानस्थल र ७६० मतदान केन्द्र छन् । जिल्लामा १५ पालिका र १३१ वडा छन् ।

## मेलम्चीको दुर्गम गाउँ धौलेमा 'एक घर एक धारा'

**देवराज सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, ४ चैत

मेलम्ची नगरपालिका-११ धौले पैंयुखर्कमा एक घर एक धारा निमार्ण गरि आज हस्तान्तरण गरिएको छ । मेलम्ची नगरपालिका प्रमुख डम्बर अर्याल, उपप्रमुख भगवती नेपाल, वडा अध्यक्ष रुद्र दुलाल, सेवक नेपालका अध्यक्ष रेमन्त नाथले आज खानेपानीको उद्‌घाटन गरेका हुन् । मेलम्ची नगरपालिका र सेवक नेपालको साझेदारीमा सो गाउँमा २६ वटा धारा निमार्ण गरी स्वच्छ पानी आउन थालेको छ ।

धौले पैंयुखर्क खानेपानी तथा सरसफाई उपभोक्ता समितिमार्फत निर्मित उक्त गाउँमा खानेपानी आँगनमा झरेपछि स्थानीयहरुको वर्षौंदेखिको स्वच्छ खानेपानीका समस्या समाधान भएको छ । मेलम्ची नगरपालिकाको १३ लाख,



सेवक नेपालको १० लाख १० हजार १९ र जनश्रमदान चार लाख ६७ हजार ३१४ रुपियाँलागतमा धारा निमार्ण भएको सेवक नेपालका कुमार भट्टराईले जानकारी दिए ।

धारा निमार्ण भई पानी आएपछि गाउँलेको दैनिकीमा सहज भएको उपभोक्ता समितिका अध्यक्ष लिलाबहादुर थापाले बताए । उक्त बस्तीमा दलित, जनजाती, विपन्न बसोबास छ । उनीहरु यसअघि दुई घण्टाको समय लगाएर एक गाग्री पानी ल्याएर उपभोग गर्नुपर्ने अवस्थामा थिए । घरमा नै धारा भएपछि घर गृहस्थीका काम सकेर अरु पेशा व्यवसाय गर्न समय मिलेको बिन्दा विकले खुशी व्यक्त गरे ।

सो गाउँका २६ घरधुरीका १६८ जनालाई स्वच्छ खानेपानीको सुविधा पुगेको छ । करेसाबारी र अन्य भौतिक संरचना निमार्णमा पानीले सहजता पुऱ्याउने सेवक नेपालल अध्यक्ष रेमन्त नाथले बताए ।

# सीमित अवधिमा धेरै काम गर्नु छ : मन्त्री झाँक्री

**काठमाडौं/मस–**शहरी विकासमन्त्री रामकुमारी झाँक्रीले सीमित अवधिमा धेरै कम गर्नुपर्ने आवश्यकता रहेको बताएकी छन् । उनले नेपालको पूर्वाधार विकासमा ठूलो बजेटको खाँचो रहे पनि सीमित स्रोत साधनबाट काम गरिरहेको बताइन् ।

मन्त्रालयमा शुक्रबार एसियाली विकास बैंक (एडिबी)का प्रतिनिधिसँगको छलफलमा मन्त्री झाँक्रीले एडिबीको सहयोगमा चालु योजना द्रुतगतिमा अघि बढाउन आग्रह गरिन् ।

उनले भनिन्, 'हामीसँग समय सीमित छ, गर्नुपर्ने काम धेरै छन् । एडिबीले गरिरहेको सहयोग र गर्ने भनेका परियोजनाको काम पनि छिटो होस् हाम्रो चाहना छ ।'

मन्त्री झाँक्रीले राष्ट्रिय शहरी नीति परिमार्जन तथा शहरी विकास ऐनको मस्यौदा अन्तिम चरणमा पुगेको बताउँदै यसले सङ्घीयता अनुसारका शहरीकरणका परियोजनामा सहकार्य गर्ने बाटो खोल्ने बताइन् । उनले नेपालमा लगानी गर्न सकिने थुप्रै क्षेत्र रहेको र सीमित स्रोत साधनमा



काम गरिरहेको बताइन् । 'विकास निर्माणका धेरै आयोजनामा काम भइरहेका छन्, हामीसँग सीमित बजेट हुँदा धेरै काम गर्न सकिरहेका छैनौँ,' उनले भनिन् ।

छलफलमा एडिबीको दक्षिण एसिया विभागका महानिर्देशक केनिचि योकोयामाले मन्त्रालयसँग आफू सधैँ सहकार्य गर्न तयार रहेको बताउँदै नेपालले समयमै काम सक्नमा ध्यान दिनुपर्ने बताए । उनले शहरीकरणको गुजरात मोडलअनुसार अब बन्ने शहरीकरणका परियोजना बनाउन सुझाव दिए । हाल एडिबीको लगानीमा नेपालमा भइरहेका कामको समीक्षा र भविष्यमा लगानीको सहकार्य गर्न सकिने क्षेत्रबारे कार्यक्रममा छलफल भएको सहसचिव तथा मन्त्रालयका प्रवक्ता रवीन्द्र बोहराले जानकारी दिए ।

छलफलमा सचिव मणिराम गेलाल, शहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक पद्मकुमार मैनाली, मन्त्रालयका सह-सचिव प्रकिर्ण तुलाधर, मन्त्रालयका प्रवक्ता रवीन्द्र बोहोरा लगायतको सहभागिता रहेको थियो ।

## विद्यालयमा खाजाको पात्रो, नियमित हुन थाले विद्यार्थी

बलेवा/रासस- बागलुङको विभिन्न सामुदायिक विद्यालयमा सञ्चालन भएको दिवा खाजा कार्यक्रमका कारण पछिल्लो समय विद्यार्थीको चाप बढ्दै गएको छ । खाजा उपलब्ध गराएपछि विद्यार्थी खुसी छन् । त्यसमाथि पनि कुन बार के खाजा खाने भन्ने विषयमा विद्यालयले बनाएको तालिकाले विद्यार्थीलाई थप आकर्षित बनाएको छ ।

बागलुङ नगरपालिका-८ को बौंडेचउर माविको कक्षा ४ मा अध्ययनरत काजल काउचाले अभिभावकलाई समेत आजको खाजा के हुन्छ भन्ने जानकारी गराएर विद्यालय जान्छिन् । काठेखोला गाउँपालिका-७ को रेशगाउँबाट आउँदा डेढ घण्टा बाटो हिँडेर विद्यालय पुग्ने काउचालाई खाजाले विद्यालय जाऔँ जाऔँ बनाउने गरेको छ ।

बिहान ८ बजे नै खाना खाएर आउने काजल दिउँसै भोकाउँछिन् । दिउँसोको खाजा खाने खर्च नहुँदा दिउँसो १ बजे नै घर फर्किने गरेकी काजल आजभोलि साँझ ५ बजे मात्रै घर पुग्छिन् । कारण विद्यालयमा नै उनको रुचिअनुसारकै खाजा खान पाइन्छ । सबै समय पढेर घर फर्किंदा पनि उनले भोकाउनु पर्दैन । यसअघि उनको पढाइ राम्रो चलेको थिएन । उनी मात्र हैन कक्षा ५ मा पढ्ने बिराज परियारको



समस्या पनि उस्तै हो । पैसा तिरेर खाजा खाने क्षमता नभएपछि भोकभोकै पढ्न बाध्य थिए । भोकभोकै पढ्न नसक्दा धेरै बालबालिकाले बीचैमा पढाइ छाड्ने समस्या थियो ।

यो समस्या चालु शैक्षिक वर्षदेखि घटेको छ । शिक्षा मन्त्रालयले पोषण भत्तास्वरुप मासिक रु ४५० दिन थालेको छ । उक्त पैसाबाट अभिभावकलाई अन्न वा खाजाका लागि चाहिने सामग्री खरिद गरेर दिइन्छ । त्यसपछि बालबालिकाले घरमै खाजा बनाएर ल्याउने गरेका छन् । दिउँसो खाजा खाएर उनीहरु विद्यालय समयभर बस्न थालेको प्रधानाध्यापक दीनानाथ गौतमले बताए । 'यहाँ अधिकांश समय चिसो हुन्छ, त्यसमाथि बिहानै ८ बजे खाना आएर हिँडेका बालबालिका दिउँसै भोकाउँछन्, त्यसैले उनीहरुलाई खाजा चाहिएको थियो,' उनले भने, 'यस्तो खाजाको व्यवस्था गरेपछि मात्रै सातौँ पिरियडसम्म बालबालिका बस्न थालेका छन् ।' विद्यालयले साताको ६ दिनसम्म कुन बार कुन खाजा खाने भन्ने क्यालेन्डरसमेत बनाएको उनले बताए । यसरी खाजाको पात्रो बनाउँदा एकरुपता भएको शिक्षक रुद्रप्रसाद जोशीले बताए । 'कसैले मीठो, कसैको नमीठो भन्ने पनि भएन, एकै प्रकारको खाजा आएपछि सबैले रमाएर खान्छन्,' उनले भने, 'अहिले बालबालिका नियमित गर्न पनि सजिलो भएको छ ।' अभिभावकलाई नगद दिँदा खर्च गरेर सक्ने भएकाले विद्यालयले खाजाको सामान खरिद गरेर बाँडेर दिने गरेको हो ।

**संघीय संसद...**

सत्तारुढ गठबन्धनको ध्यान गएको छैन् । एमालेले पिनि सभापति पद लिने गरी कदम चालेको छैन् ।

प्रतिनिधिसभा अन्तर्गत सार्वजनिक लेखा समितिका सभापति सामान्यतया प्रतिपक्षी दलको नेता हुने संसदीय अभ्यास र परम्परा छ । तर, यसको सभापति नेपाली कांग्रेसको तर्फबाट प्रतिनिधित्व गरेका भरतकुमार शाह छन् ।

यस्तै, प्रतिनिधिसभाअन्तर्गत राज्य व्यवस्था तथा सुशासन समितिकी सभापति शशी श्रेष्ठ सरकारमा सहभागी भएपछि पद रिक्त भएको छ ।

श्रेष्ठ गत असोजमा भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री बनेकी हुन् ।

राष्ट्रियसभाअन्तर्गत दिगो विकास तथा सुशासन समिति, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति र विधायन व्यवस्थापन समिति पनि खाली छन् ।

दिगो विकासकी तारादेवी भट्ट, प्रत्यायोजित व्यवस्थापन समितिका सभापति रामनारायण बिडारी र विधायन व्यवस्थापन समिति सभापति परशुराम मेघी गुरुङको राष्ट्रियसभा सदस्यको कार्यकाल सकिएपछि सभापति पदहरू खाली हुन पुगेका हुन् ।

**२० देशमा...**

तर, भागवण्डा मिलेन भने रोकिराख्ने कुरा पनि त भएन । यसमा गठबन्धन सिरियस बन्नैपर्छ' खनालले भने ।

अहिले भारत (एग्रिमो आएको), श्रीलंका, चीन, जापान, रुस, बंगलादेश, मलेसिया, म्यान्मार, दक्षिण कोरिया, ब्राजिल, डेनमार्ग, कतार, ओमान, बहराइन, साउदी अरब, अफ्रिकासहित २० वटा देशमा राजदुत पद खाली छ ।

चीनमा दुई दलको दावी

प्रधानमन्त्री समेत रहेका नेपाली कांग्रेस सभापति पार्टी र सरकारको सम्बन्ध थप सुदृढ पार्नका लागि चीनमा आफु निटक राजदुत पठाउन चाहन्छन् । तर, नेकपा माओवादी केन्द्रले यसमा अड्डी लिएको छ कि चीनका लागि नेपाली राजदुत आफैंले पठाउन पाउनुपर्छ । र माओवादीले

यो विवादमा नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी मौन छन् ।

**समयमै ई-पासपोर्ट**

कसरी लिने भन्ने जानकारी छैन । सरकारले राष्ट्रिय परिचयपत्र लिन आवश्यक दस्तावेज बोकेर उपस्थित भए बढीमा दुई दिनभित्र परिचयपत्र नम्बर प्राप्त गर्ने दाबी गरेको छ । विद्युतीय प्रणालीको अवस्थामा भर पर्ने बाध्यताका कारण समय लाग्दा सेवाग्राहीलाई त्यहाँ पनि सास्ती खेप्नुपरेको गुनासो छ ।

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

तेस्रो पटक प्रकाशित मितिः २०७८।१२।०५

यस कम्पनीको मिति २०७३।०३।२० गते बसेको विशेष साधारण सभाको बैंठकको निर्णय बमोजिम साविकको कम्पनी स्वस्तिक बिजनेश प्रा. लि. (प्रा.लि.नं. : १४०८३२) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **सम्राज्ञी ईन्टरनेशनल प्रा. लि.** कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कतारमा रोजगारको अवसर** | कम्पनीः **AL JALAHMA CONSTRUCTION COMPANY**
शहरः **DOHA**

पूर्व स्वीकृत मितिः २०७८/१२/०२ चलानी नं.: ६०१७६०८४ LT. No.: 259578

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 4 | 0 | स. काममा दक्ष | 1000 | ३३,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत १२ गते (26 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

JobsSearch Pvt. Ltd

Gov. Lic No. 894/067/068

**JOBS SEARCH PVT. LTD.**

Samakhushi, Kathmandu, Nepal, Tel. No.: 4356732, 4354869

Fax: +9771 4360084, E-mail : jobsearchpltd@gmail.com

**मलेसियामा रोजगार** | कम्पनीः **WEEMAX PACKAGING SDN BHD(799065-P)**
शहर : **KELANG**

पूर्व स्वीकृत मितिः २०७८/१२/०४ चलानी नं.: ६०१७६१०० LT. No.: 259422

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Operator | 10 | 0 | स. काममा दक्ष | 1200 | ३४,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत १२ गते (26 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

JobSpot International Pvt. Ltd. Lic. No.: 835/066/067

**जब्सपट इन्टरनेशनल प्रा.लि.**

धुम्बाराही, काठमाडौं, फोनः ४०१५५००,४०१५६००,४०१५५१६, फ्याक्स : ४०१५७०६

**मलेसियामा रोजगार** | १. कम्पनी : **EASY CONTAINER SDN. BHD.**
शहरः **MELKA**

पूर्व स्वीकृत मितिः २०७६/११/१८ चलानी नं.: ६०१५२७७८ LT. No.: 234307 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 3 | 0 | स. काममा दक्ष | 1200 | ३४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : **KAMCO ALUMINIUM SDN. BHD.** शहरः **KUALA LUMPUR**

पूर्व स्वीकृत मितिः २०७६/१२/०३ चलानी नं.: ६०१५३५१७ LT. No.: 235101 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 25 | 0 | स. काममा दक्ष | 1200 | ३४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत १२ गते (26 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**रिलायन्स एच. आर. सोलुसन प्रा. लि.**

पो.ब.नं. ११५२४, गोंगबु, काठमाडौं, फोनः ४३८०७६६, फ्याक्सः ४३८७५५५

श्रम इजाजत नं. १३२/०६७/०६८

# नेपालको छवि र विश्वसनीयतामा वृद्धि : प्रधानमन्त्री देउवा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ चैत



प्रधानमन्त्री शेरबहादुर देउवाले वर्तमान सरकार सत्तामा आएपछि अन्तर्राष्ट्रिय जगत्मा नेपालको छवि र विश्वसनीयतामा उल्लेख्य वृद्धि भएको बताएका छन् । नेपाल विश्व सम्बन्ध परिषद्को ७४औं वार्षिकोत्सवको अवसरमा आयोजित समारोहमा उनले नेपाल र नेपाली जनताको हित प्रवर्द्धनमा केन्द्रित भएर अन्तर्राष्ट्रिय समुदायमा देशको छवि उकास्ने, सबै देशबाट अधिकतम सद्भाव, समर्थन र सहयोग प्राप्त गर्न सक्रियताका साथ अनुकूल अन्तर्राष्ट्रिय वातावरण सिर्जना गर्ने लक्ष्य राखेको धारणा व्यक्त गरे ।

प्रधानमन्त्री देउवाले कोभिड-१९ ले निम्त्याएको सीमितताका बाबजुद सरकारले अन्तर्राष्ट्रिय संलग्नतालाई तीव्रता दिइरहेको उल्लेख गर्दै त्यस्ता फोरमहरूमा नेपालको सक्रिय र अर्थपूर्ण सहभागिताले हाम्रो अन्तर्राष्ट्रिय दृश्यता बढाउन मद्दत गरेको धारणा व्यक्त गरे। यसबाट जलवायु परिवर्तन, खाद्य सुरक्षा, भ्याक्सिन समानता, लोकतन्त्र र सुशासन जस्ता विश्वव्यापी महत्वका मुद्दाहरूमा हाम्रा सिद्धान्तहरू, प्राथमिकताहरू र चासोहरूलाई आवाज उठाउने अवसर प्रदान गरेको उनको भनाइ थियो ।

सरकारले घोषणा गरेको साझा न्यूनतम कार्यक्रमले कार्यान्वयन गर्नुपर्ने प्रमुख प्राथमिकताहरू उल्लेख गरेको जानकारी गराउँदै उनले भने, 'राष्ट्रिय र जनताको हितको संरक्षण तथा प्रवर्द्धन सरकारको प्रमुख प्राथमिकतामा रहेको छ । साथै उच्च र समतामूलक आर्थिक विकास, सामाजिक-आर्थिक रूपान्तरणको आधारशिला निर्माण, सङ्घीयताको कार्यान्वयन र शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्नेलगायतका विषय पनि हाम्रा प्राथमिकतामा रहेका छन् ।'

उनले पञ्चशीलका सिद्धान्त, असंलग्नता, संयुक्त राष्ट्रसङ्घको बडापत्र, अन्तर्राष्ट्रिय कानून र विश्व शान्तिका मापदण्डहरूले अन्तर्राष्ट्रिय मञ्चमा हाम्रो परराष्ट्र नीतिले मार्गदर्शन गरिरहन्छन् भने । 'सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय स्वाधीनता र राष्ट्रिय हितको रक्षा सरकारको सर्वोच्च प्राथमिकता र दायित्व हुनेछ । वर्तमान सरकारले स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति अवलम्बन गरेको छ । हामी हाम्रो भूमि हाम्रा छिमेकी र अन्य देशहरूविरुद्ध कुनै पनि गतिविधिको लागि प्रयोग गर्न अनुमति दिँदैनौं,' उनले भने ।

प्रधानमन्त्री देउवाले उदार, नियममा आधारित, न्यायोचित, निष्पक्ष र सहकारी विश्वव्यापी व्यवस्थाको वकालत गर्न जारी राख्ने उल्लेख गर्दै यसले विकासशील देशहरू, विशेषगरी अतिकम विकसित देशहरूलाई विकास गर्नका लागि सक्षम बनाउने बताए । साथै उनले दिगो विकास लक्ष्यहरू प्राप्त गर्न र हाम्रा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्नलगायत राष्ट्रिय विकास आकांक्षा पूरा गर्न सरकार प्रतिबद्ध रहेको जानकारी दिए ।

वर्तमान सरकार जतिसक्दो चाँडो मुलुकमा आर्थिक रूपान्तरण गरी जनताको जीवनस्तरमा सुधार ल्याउन पूर्ण प्रतिबद्ध रहेको उल्लेख गर्दै उनले भने, 'त्यसैले नेपालको कूटनीतिको मुख्य आधार आर्थिक एजेन्डाको खोजी नै हो । हामीले हाम्रा राष्ट्रिय प्राथमिकताका क्षेत्रमा थप विदेशी लगानी आकर्षित गर्ने, निर्यात व्यापार विस्तार गर्ने र पर्यटन प्रवर्द्धन गर्नेलगायतका गतिविधिहरूमार्फत हाम्रा अत्यावश्यक आर्थिक हितलाई प्रवर्द्धन गर्ने प्रयास गरेका छौं ।'

# गुल्मीको थोर्गा गाउँमा खुदो र गुड विशेष पाहुर बन्दै

**अनिष पन्थी/मध्यान्ह**
गुल्मी, ४ चैत



गुल्मीको रुरु गाउँपालिका वडा न ३ को थोर्गा गाउँ भन्ने बित्तिकै उखु, खुदो र गुडलाई सजिलै लिन सकिन्छ। यहाँ आउने अतिथिको लागि खुदो र गुड विशेष पाहुर बन्ने गरेको छ। आधुनिक तरिकाबाट खुदो र गुड उत्पादन हुँदै आएको थोर्गामा अहिले भने बजारीकरणको कुनै समस्या छैन।

यहाँका मानिसहरूको मुख्य पेशा नै अहिले यही बनेको छ । गाउँमा सामान्य उखु उत्पादन गर्ने धेरै भएता पनि वडा न ३ मा भने दुई घरले मात्र व्यावसायिक रुपमा खुदो र गुड बनाउँदै बिक्री गर्दै आएको पाइएको छ।

आधुनिक मेसिनको प्रयोग गरी त्यस वडाका इन्दुबर ज्ञवाली र चोलानाथ ज्ञवालीले व्यावसायिकरुपमा उखु खेती गरी उखुबाट खुदो र खुदोबाट गुड उत्पादन गरी स्थानीय बजारदेखि लिएर बुटवल काठमाडौंलगायत देशका प्रमुख शहरमा गुड बिक्री गर्दै आएका छन् । २०६५ सालदेखि आधिकारि करुपमा व्यवसाय दर्ता गरी सञ्चालन गरेको बताउँदै स्थानीय व्यवसायी इन्दुबर ज्ञवालीले शुरुमा बजारको समस्या भए पनि अहिले कुनै समस्या नभएको बताए ।

खुदोबाट मिठाई बनाउन खोजेको भए पनि कुनै प्राविधिक ज्ञान नभएका कारण र मेसिन नभएका कारण केन्टी मिठाई उत्पादन गर्न नसकिएको व्यवसायी इन्दुबरले मध्यान्हलाई बताए। आधुनिक मेसिन प्रयोग गरी काम गर्न थालेको पाँच वर्ष भएता पनि पहिलेदेखि नै गोरुको माध्यमबाट उखु पेलेर खुदो बनाउँदै आएको सोही स्थानका आर्का व्यवसायी चोलानाथ ज्ञवाली बताउँछन् । धेरै उत्पादन स्थानीय बजारमा खपत भएको बताउँदै यसबाट राम्रो आम्दानी गर्न सकिएको र यस पेशाप्रति सन्तुष्ट भएको चोलानाथको भनाइ छ । गाउँपालिकाबाट कुनै अनुदान सहयोग नभएको बताउँदै सबै मेसिन निजी लगानीबाटै जोडिएको चोलानाथले बताए । यस सन्दर्भमा वडाध्यक्ष शेसनारायण पौडेलसँग बुझ्दा अनुदानको कार्यक्रम आउनु अगाडि नै चोलानाथ ज्ञवालीले मेसिन जोडेको प्रतिक्रिया दिए । गएको वर्ष ५४ सय लिटर खुदो बिक्री गरिएको र वार्षिक १२ लाख आम्दानी गरेको चोलानाथको भनाइ छ । आर्थिक वर्ष २०७६/७७ र ७७/७८ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत वडा न .३ मा उखु बलक कार्यक्रम गरिएको वडाध्यक्ष शेसनारायण पौडेलले बताए। व्यवसाय विकासमा उखु बलक कार्यक्रमले धेरै प्रभाव पारेको वडाध्यक्ष पौडेलले मध्यान्हलाई बताए ।

गएको वर्ष सात सय ड्रम खुदो उत्पादन भएको र त्यसबाट राम्रो आम्दानी गर्न सकिएको वडाध्यक्ष पौडेलले बताए। त्यस वडामा सञ्चालन भएका व्यवसायबाट गाउँकै मानिसले समय सापेक्ष अनुसार रोजगार पाउँदै आएका छन्। गाउँमै रोजगारी पाएपछि बालबालिका सजिलै पढाउन सकिएको स्थानीय मिना अर्यालले बताइन्।रुरुको थोर्गामा आउँदा एकपटक पसेर यहाँको अर्गानिक खुदो र गुड चाख्न व्यवसायी र स्थानीयले आग्रह समेत गरेका छन्।

# कालिकोटमा कृषि ऋण पहुँचवालाकै पोल्टामा



**खडानन्द अधिकारी/मध्यान्ह**
कालिकोट, ४ चैत

कालिकोट जिल्लाका अगुवा किसानहरुले नेपाल सरकारले किसानलाई दिने भनेर घोषणा गरेको कृषि ऋण पहुँचवालाकै हातमा रहेको गुनासो गरेका छन्। शुक्रबार मान्ममा पहाडी साना किसानका लागि अनुकलन आयोजना समन्वय इकाइ कालिकोटले आयोजना गरेको जिल्ला स्तरीय अगुवा कृषक, एग्रोभेट बजार तथा संवद्ध निकायसंग भएको एक दिने समीक्षा गोष्ठीमा सो कुरा बताएका हुन् ।


अहिलेसम्म कालिकोट जिल्लामा दिने भनिएको कृषि ऋण कालिकोटमा लागु नगरेको कृषि विकास बैंक पनि अन्य बैंक जस्तो भएको शुभकालिका गाउँपालिका वडा नं ५ का अगुवा कृषक सिंह बहादुर बोहराले दुखेसो पोखे । उनले व्यावसायका लागि भनिएको कृषिऋणमा वास्तबिक किसानको प्रकृया नपुग्नेमा कानुन बनाउने तथा जिम्मावार निकाय दोषी भएको पनि उनको भनाइ छ । बास्तविक किसानले ऋण पाउनको लागि धितो प्रकृया हटाई व्यावसायलाई आधार माने मात्र बास्तविक किसानको हातमा ऋण जाने रास्कोट नगरपालिका वडा नं ९ का अगुवा कृषक पुस्पराज बरालले बताए ।

'लोन लिनलाई सुर्खेत, काठमाडौं, नेपालगन्ज जस्ता सहरी इलाकामा घर, घरेडी धितो राख्नु पर्ने प्रकृया हटाउनु पर्छ', उनले भने, 'किसानले उत्पादन गरेका कृषि बस्तुलाई बजारसम्म पुर्याउन ढुवानी अनुदान तथा छुटै कृषि सामग्री ढुवानीका लागि गाडीको सुबिधा हुनु पर्छ ।'

गोष्ठीमा सबै एग्रोभेटको तर्फबाट आफ्नो भनाइ राख्दै मिलन एग्रोभेटका संचालक डिल बहादुर रोकायाले पहाडी भूभागमा बीउ उत्पादन गरी अर्गानिक खेतितर्फ सबै किसानलाई लाग्न अनुरोध गरे। उनले रसायनिक मलको प्रयोगले उत्पादित कृषि बस्तुहरु खानको लागि उपयोग नहुने भएकाले यसलाई रोकेर आधुनिक तरिकाबाट कृषि खेति गर्नमा सबैले जोड दिनुपर्ने बताए। कालिकोट जिल्लाका ६ वटा स्थानीय तहमा लागु भएको आयोजनाले कर्णाली प्रभावित क्षेत्र र तिला प्रभावित क्षेत्रमा पर्ने रास्कोट नगरपालिका, तिलागुफा नगरपालिका, शुभकालिका गाउँपालिका, नरहरीनथा गाउँपालिका, पचालझरना गाउँपालिका र पलता गाउँपालिकाका ६६ जना अगुवा कृषकहरु सृजना गरेको आशा परियोनना कालिकोटका प्रमुख अशोक बर्तौलाले बताए । आफ्नो परियोजना जनताको भावना अनुरुप जिल्लामा लागु भएको प्रमुख वर्तौलाको भनाइ छ ।

कार्यक्रममा जिल्ला समन्वय समिति कालिकोटका प्रमुख अनिपाल शाही, पशु अस्पतालका प्रमुख लक्ष्मि प्रसाद अधिकारी, जिल्ला कृषि बिकास कार्यालय कालिकोटका बागवानी बिकास अधिकृत चन्द्र बहादुर शाही, साना किसानका लागि अनुकलन आयोजना आशा आयोजना कालिकोटमा प्रमुख अशोक बर्तौला, नेपाल पत्रकार महासंघ कालिकाटका सचिव खडानन्द अधिकारी, कार्यक्रम लागु भएका क्षेत्रका अगुवा कृषक, जिल्लास्थित एग्रोभेटका प्रतिनिधि लगाएतको सहभागिता रहेको आशा कालिकोटका कर्मचारी दिनेश संज्यालले बताए ।

# ५१ संक्रमित थपिए, मृत्यु शुन्य



**काठमाडौं/मस–** नेपालमा थप ५१ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा पाँच हजार ९१४ जनाको कोरोना परीक्षण गरिएको थियो ।

मन्त्रालयका अनुसार सक्रिय संक्रमितको संख्या तीन हजार ९९६ रहेको छ । पछिल्लो समय ३९२ जना कोरोनाबाट मुक्त भएका छन्। योसँगै निको हुनेको संख्या नौ लाख ६२ हजार १७३ पुगेको छ । निको हुने दर ९८.४ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा कोरोना संक्रमणबाट कसैको पनि ज्यान गएको छैन । मन्त्रालयका अनुसार २०० भन्दाबढी संक्रमित भएका जिल्लामा ललितपुर, काठमाडौँ, चितवन र बाँके छन् । मनाङ, रुकुमपूर्व, बाजुरा र जुम्लामा कोही पनि कोरोनाबाट संक्रमित छैनन् ।

नेपालमा संक्रमण दर १७.८ प्रतिशत छ । हाल होम आइसोलेसनमा तीन हजार ९२७, संस्थागत आइसोलेसनमा ६९, आइसियुमा २७ र भेन्टिलेटरमा ६ जनाको उपचार भइरहेको छ । विगत २४ घण्टामा देशभर २९ हजार ३९० जनाले कोरोना विरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ ।

**साउदीमा रोजगार** | कम्पनी :Nadia Saad bin Abdullah Al Shahrani Factory for Industry
शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०७८/१२/०२ चलानी नं.: ६०१७६१४५ LT. No.:259475

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Plumber | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Paint Buildings | 1 | 0 | | 1200 | ३८,७०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत १२ गते (26 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ५१३/०६१/०६२
**हेराल्ड ईन्टरनेशनल प्रा. लि.**
पो.ब.नं. १६१, नयाँबानेश्वर, काठमाडौं, फोन: ४४७५३३९, ४४६८६९७, ४४७६६०३

**साउदीमा रोजगार** | १. कम्पनी: FACTORY OF NAHAJ AL-OMRAN FOR CEMENT PRODUCTS
शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७८/१२/०२ चलानी नं.: ६०१७६०८० L.T. No.:259392

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bulldozer Driver | 3 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८०,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 4 | 0 | | 1800 | ५८,०३२ | | | | | | | |

२. कम्पनी: Premium Choice Polishing Car Services Corporation शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७८/१२/०२ चलानी नं.: ६०१७६०८३ L.T. No.:259501

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Polishing Agent | 3 | 0 | स. काममा दक्ष | 1000 | ३२,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत १२ गते (26 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं: ३१८/०६१/०६०
**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com

**Free Visa, Free Ticket र Zero Cost लागतमा कुवेतमा रोजगार**
कम्पनी : SPIRIT REAL-ESTATE DEVELOPMENT CO शहर: KUWIT मुलुक: KUWAIT
पूर्व स्वीकृत मिति: २०७८/११/३० चलानी नं.: ६०१७४८९७ LT. No.: 258341

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 5 | 5 | सम्बन्धित काममा दक्ष | 175 | ७०,४२८ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Commis Chef | 5 | 5 | | 150 | ६०,३६७ | | | | | | | |
| 3. | Housekeeping Attendants | 5 | 5 | | 110 | ४४,२६९ | | | | | | | |
| 4. | Waiter/Waitress | 10 | 10 | | 125 | ५०,३०६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ७ र ८ गते (21 & 22 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | नि:शुल्क |

